# स्थानीय राजपत्र

हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (३), संख्या २, हुप्सेकोट, असोज २ गते बिहीबार, २०७६ साल

## भाग २

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## पशुपन्छी खोप कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

हुप्सेकोट गाउँपालिका

## पशुपन्छी खोप कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना**

हुप्सेकोट गाँउपालिकाको कार्य क्षेत्र भित्र बसोवास गर्ने पशुपन्छीपालक कृषकहरुको पशु स्वास्थ सुदृढ गरी पशु उत्पादनमा विकास गर्नका लागि विशेषज्ञ पशु प्रविधिकहरुको उपस्थितिमा नियमित रुपमा गर्नु पर्ने खोपहरु संचालनका लागि हुप्सेकोट गाँउपालिकाको नीति तथा कार्यक्रम सहज, सरल, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न हुप्सेकोट गाँउपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पशुपन्छी खोप कार्यक्रम संचालन कार्यविधि २०७६ यस गाँउपालिकाको कार्य पालिकाको निर्णय अनुसार तयार गरी लागु गरिएको छ ।

### परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः (**क) यस कार्यविधिको नाम “पशुपन्छी खोप कार्यक्रम संचालन कार्यविधि २०७६" रहनेछ।

(ख) यो कार्यविधि गाँउ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “पशुपन्छी खोप कार्यक्रम” भन्नाले हुप्सेकोट गाँउपालिकामा रहि पशुपन्छीपालन गरीरहेका कृषकहरुको पशु स्वास्थ्य सेवामा पहुँच पुगोस भन्ने हेतुले आवश्यकता हेरेर गाँउ कार्यपालिकाको नीति तथा कार्यक्रम मार्फत वजेट विनियोजन गरी पायक पर्ने स्थानमा जम्मा गरी वा घर दैलोमा गई बृहत पशुपन्छीमा लगाईने विभिन्न रोग विरुद्ध संचालित खोप कार्यक्रमलाई जनाउने छ ।

ख)"कार्यपालिका” भन्नाले हुप्सेकोट गाँउपालिका गाँउ कार्यपालिकालाई जनाउनेछ ।

ग) "पशु" भन्नाले गाई, भैंसी, भेडा, बाखा, बंगुर तथा कुकुर सम्झनु पर्छ।

घ) "खोप" भन्नाले अनुसूची- १ मा उल्लेखित तालिका अनुसार लगाईने खोप सम्झनु पर्छ।

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछः

१. हुप्सेकोट गाँउपालिकाको पशु स्वास्थ्य कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न।

२. पशुपन्छी स्वास्थ्य सेवाबाट वन्चित कृषकहरुलाई घर दैलोमा सेवा उपलब्ध गराउने ।

३. पशुपन्छीका विभिन्न सिमाविहिन रोगहरुको नियन्त्रणमा सहयोग पुऱ्याउने ।

४. पशु स्वास्थ्य तथा भेटेरिनरी जनस्वास्थ्य सम्बन्धमा जनचेतना अभिवृद्वी गराउने ।

५. पशुपन्छीजन्य महामारी रोगको रोकथाम तथा क्षति न्यूनीकरण गर्ने ।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रकृया

**४. कार्यक्रम संचालन प्रकृया :** (१) पशु शाखा, वडा कार्यालय तथा सेवा केन्द्रको समन्वयमा आवश्यकता अनुसार खोप कार्यक्रम संचालन गर्न स्थान छनौटगर्ने ।

(२) पशुशाखा/सेवा केन्द्रले खोप कार्यक्रम संचालन हुने स्थानका कृषक/कृषक समुह/कृषि सहकारीहरु लाई जानकारी गराउने ।

(३) खोप कार्यक्रम संचालन हुनु १ हप्ता अगावै खोप कार्यक्रमको महत्व, खोप तालिका र कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तह, वडा तथा टोलस्तरीय अभिमुखीकरण तथा प्रचार प्रसार कार्यक्रम संचालन स्थानिय संचार माध्यम, रेडीयो, पोस्टर, पम्प्लेट आदिको माध्यमबाट प्रचार प्रसार गर्ने ।

(४) पशुशाखाले कार्यक्रमका लागि आवश्यक पर्ने औषधि, खोप तथा अन्य सामाग्रिहरुको नेपाल सरकार पशु सेवा विभाग मातहतका निकायहरुबाट राष्ट्रिय खोप कार्यक्रमका लागि निःशुल्क उपलब्ध हुने खोपहरुको हकमा माग अनुसारको परिमाण निर्देशनालयले सम्बन्धित निकायहरुसँग समन्वय गरी उपलब्ध गराउने छ। खोप कार्यक्रम कार्यान्वयन गर्न आवश्यक थप खोपहरु सम्वन्धित पशु शाखाले खरिद गर्न सक्नेगरि व्यवस्थापन गर्ने ।

(५) खोप कार्यक्रम संचालनका लागि प्राविधिक/भ्याक्सीनेटरको व्यवस्था मिलाउने ।

(६) खोप कार्यक्रम संचालनका लागि ग्रामिण पशु स्वास्थ कार्यकर्ता वा भेटेरीनरी जे.टी./जे.टी.ए. प्राविधिक/भ्याक्सीनेटरको वा भेटेरिनरी/पशु विज्ञान विषयमा औपचारिक शिक्षा हासिल गरेका नेपाली नागरिकलाई खोपकर्ताको रुपमा करारमा नियुक्ति दिनु पर्नेछ। खोपकर्ता नियुक्ति गर्दा उपलब्ध भएसम्म सम्बन्धित स्थानिय तहका प्राविधिकलाई नियुक्ति दिनु पर्नेछ।

(७) आम रुपमा (मास) खोप सेवा संचालन गर्ने र यसरी खोप कार्य सञ्चालनको क्रममा खोपकर्तालाई आवशयक पर्ने अनुसुचि-२ बमोजिमको सामाग्रीहरु पशु शाखाले उपलब्ध गराउनु पर्नेछ।

**५. खोप कार्यक्रमः** (१) गाईभैसी तथा बंगुरमा सम्बन्धित फार्ममा र भेडाबाखा तथा कुकुरको लागि कुनै स्थान तोकी खोप कार्यक्रम संचालन गर्न सकिनेछ ।

(२) खोप लगाईसकेपछि अनुसूची- ३ बमोजिमको खोप कार्ड भरी सम्बन्धित पशुधनीलाई प्रदान गरिनेछ।

(३) खोपकर्ताहरुले अनुसूची- ४ बमोजिमको खोप कार्यक्रमको प्रगति विवरण सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराई पठाउनु पर्नेछ। विज्ञ केन्द्रले खोप कार्यको प्रगति प्रतिवेदन निर्देशनालय मार्फत मन्त्रालयलाई पठाउनु पर्नेछ। कार्यक्रम संचालनको क्रममा कम्प्युटर प्रणालीमा तथ्याङ्क प्रवृष्टी तथा व्यवस्थापन गर्न सम्बन्धित प्राविधिक कर्मचारी गर्न सक्नेछ।

(४) यस कार्यविधिमा खोप लगाउन भनि उल्लेख भएका रोगहरु बाहेक अन्य कुनै संक्रामक रोग महामारीजन्य रुपमा फैलिई धेरै संख्यामा पशुमा उक्त रोग विरुद्ध खोप लगाउनुपर्ने अवस्था आएमा वार्षिक बजेटको परिधिभित्र रही यस कार्यविधिमा भएको व्यवस्था अनुरुप थप खोप कार्य सञ्चालन गर्न बाधा पर्ने छैन।

(५) खोप कार्य सञ्चालनको क्रममा आकस्मिक रुपमा पशुको मृत्यु भएमा प्रचलित मापदण्ड अनुसार राहत तथा पुर्स्थापना सहयोग उपलब्ध गराउन सकिनेछ।

**६. पशुपन्छी खोप संचालन आर्थिक कार्यविधिः** (१) हुप्सेकोट गाँउपालिकामा रहेका पशु तथ्याङ्क यकिन गरी लागत अनुमानका आधारमा सालवसाली रुपमा वार्षिक बजेट तथा कार्यक्रमको व्यवस्था गर्नुपर्नेछ। तर पहिलो वर्ष स्वीकृत बजेटको अधिनमा रही कार्यक्रम कार्यान्वयन गर्न बाधा पुगेको मानिने छैन।

(२)मास भ्याक्सीन लगाउने प्राविधिक/भ्याक्सीनेटरलाई (नीजि/सरकारी) प्रति ठूला पशु रु. २०।- र साना पशु (भेडा बाखा, बंगुर, कुकुर) रु. १०।-पारिश्रमिक उपलब्ध गराईनेछ ।

**७. कार्यक्रमको अनुगमन मुल्याङ्कन/खर्च** : (१)हुप्सेकोट गाँउपालिका भित्रका पशुपन्छी खोप कार्यक्रमको लागि आवश्यक वजेट व्यवस्था हुप्सेकोट गाँउपालिकाले गर्नेछ ।

(२) कार्यक्रमको पशुपन्छी विकास शाखा/गाँउपालिकाको अधिकार प्राप्त अधिकारीबाट अनुगमन हुनेछ।

## परिच्छेदः ६

## विविध

**८. कार्यविधिको संशोधन गर्ने तथा बाधा अड्काउ फुकाउने अधिकारः** (१) यस कार्यविधिको व्यवस्थित र प्रभावकारी कार्यान्वयनका लागि गाँउ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाँउ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

हुप्सेकोट गाँउपालिका

## अनुसूची- १

### (दफा २ को उपदफा (घ) संग सम्बन्धित)

### खोप कार्यक्रमका लागि खोप तालिका

| प्रजाति | खोप | प्रति पशु खोप लगाउने पटक | न्यूनतम उमेर |
|---|---|---|---|
| गाईभैंसी | खोरेत | वर्षमा २ पटक | ६ महिना |
| | एच्.एस्.बि.क्यू | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले निर्धारण गरेको रणनीतिक योजना अनुरुप | ६ महिना |
| भेडाबाखा | पि.पि.आर. | २ वर्षमा १ पटक | ३ महिना |
| बंगुर | खोरेत | वर्षमा २ पटक | ६ हप्ता |
| | बंगुरको हैजा | | ६ हप्ता |
| कुकुर | रेबिज | वर्षमा १ पटक | ३ महिना |

**अनुसूची- २**

**(दफा ४ को उपदफा (७) संग सम्बन्धित)**

**खोप कार्यका लागि आवश्यक सामाग्रीहरु**

१. सिरिन्ज र निडिल

२. ग्लोभ्स्

३. कपास

४. खोप कार्ड

५. स्टेशनरी सामाग्रीहरु

६. गमबुट

७. एप्रोन, मास्क, हेडकभर

८. डिस्इन्फेक्टेन्ट

९. कुल बक्स

१०. स्प्रिट

११. खोप विवरण सम्बन्धी फारमहरु

१२. डिस्पोजल किट

१३. रेनकोट, झोला, टर्च लाईट

१४. सेनिटाईजर

हुम्लाकोट गाउँपालिका

**अनुसूची -३**

**(दफा ५ को उपदफा (२) संग सम्बन्धित)**

**खोप कार्डको नमूना**

**पशुको खोप कार्यक्रम**

**खोप कार्ड**

जिल्लाः ........... स्थानीय तहः

वडा नं............... टोलः

पशुधनीको नामः

| क्र.सं | पशुको विवरण | | | खोपको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | प्रजाति | पहिचान | उमेर | खोपको नाम | लगाएको मिति | अर्को पटक खोप लागउने मिति | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

खोपकर्ताको नामः

खोपकर्ताको हस्ताक्षरः

द्रष्टव्यः एक प्रति पशुधनीलाई दिने र एक प्रति खोप कर्ताले सम्बन्धित निकायमा बुझाउने। यस फारममा दिईएका हरफ नपुगेमा यसै फारमको पछाडीको पेज प्रयोग गर्नुहोला।

## अनुसूची -४

**(दफा ५ को उपदफा (३) संग सम्बन्धित)**

खोप विवरण कम्पाइलेसन फारम

जिल्लाः................ स्थानीय तहः........... वडा नं.........

टोलः.............

खोप कार्यक्रम संचालन अवधिः देखि...........................सम्म

| क.स | पशुधनीको नाम | प्रजाति अनुसार खोप लगाएको पशु संख्या | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गाई | | भैसी | | भेडा | बाख्रा | बंगुर | | कुकर |
| | | एच.एस.बि.क्यू, | खोरेत | एच.एस.बि.क्यू, | खोरेत | | | बंगुरको हैजा | खोरेत | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

खोपकर्ताकोः

नामथरः

हस्ताक्षरः

मितिः

प्रमाणित गर्नेः

नामथरः

हस्ताक्षरः

मितिः

प्रमाणिकरण मितिः२०७६/०६/०१

राजपत्रमा प्रकाशित मितिः २०७६/०६/०२ बिहिबार

आज्ञाले,

लिला वल्लभ न्यौपाने

प्रमुख प्रशासकिय अधिकृत

दुम्सेकोट गाउँपालिका